# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः २ मितिः २०८०।०१।२५

## भाग-२

बनेपा नगरपालिका

# कानुनी सहयाता कोष संञ्चालन कार्यविधि, २०८०

स्वीकृत मितिः२०८०।०१।१५
प्रमाणिकरण मितिः२०८०।०१।२५

# कानुनी सहयाता कोष संञ्चालन कार्यविधि, २०८०

स्वीकृत मितिः२०८०।०१।१५

प्रमाणिकरण मितिः२०८०।०१।२५

**प्रस्तावनाः**

बनेपा नगरपालिका वा बनेपा नगरपालिकाको न्यायिक समितिमा निवेदन वा प्रतिउत्तररलिखित जवाफ वा कानून सम्बन्धी समस्या परेका निरक्षर, गरिब, असहाय, अल्पसंख्यक अथवा कुनै कारणले आफैले निवेदन वा प्रतिउत्तर पत्र तयार गर्न नसक्ने व्यक्तिहरूका लागि राहत वा सहयोग प्रदान गर्न छुट्टै कोष खडा गरी कार्यान्वयन गर्न बाञ्छनीय भएकोले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागू गरेको छ ।

**१. संक्षिप्त नाम प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "कानुनी सहयाता कोष संञ्चालन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "असहाय" भन्नाले निरक्षर, गरिब, असहाय, अल्पसंख्यक अथवा कुनै कारणले आफैले निवेदन वा प्रतिउत्तर पत्र तयार गर्न नसक्ने व्यक्तिहरू सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले बनेपा नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले नियम ३ बमोजिमको कानूनी सहायता कोष सम्झनुपर्छ ।

(घ) "नगरपालिका" भन्नाले बनेपा नगरपालिका सम्झनु पर्छ ।

(ङ) "न्यायिक समिति" भन्नाले नेपालको संविधानको धारा २१७ अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बनेपा नगरपालिकामा गठीत न्यायिक समिति सम्झनु पर्दछ ।



**३. कानूनी सहायता कोषको स्थापना :**

(१) बनेपा नगरपालिकाबाट कानूनी सहायता कोष नामको एक छुट्टै कोषको स्थापना हुनेछ ।

(२) उपदफा (१)बमोजिमको कोषमा रहेको रकम नगरपालिकाले तोके बमोजिमको काममा मात्र प्रयोग हुनेछ ।

**४. कानूनी सहयाता कोषमा जम्मा हुने रकमः**

(१) कानूनी सहायता कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ ।

(क) नेपाल सरकारबाट कानूनी सहायता कोषका लागि भनि उपलब्ध गराएको रकम,

(ख) प्रदेश सरकारबाट कानूनी सहायता कोषका लागि भनि उपलब्ध गराएको रकम,

(ग) नगरपालिका बाट प्राप्त हुने रकम,

(घ) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारले वार्षिक रूपमा गर्ने खर्चको केन्द्र सरकारले तोके बमोजिम कानूनी सहायता कोषमा जम्मा हुने रकम,

(ङ) नेपाली नागरिक वा संघ संस्थाबाट कोषका लागि उपलब्ध भएको रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

**५. कोषमा रकम जम्मा गर्नुपर्ने दायित्व :-**

बनेपा नगरपालिकाको न्यायिक समिति तर्फ विनियोजित हुने बजेट मध्येबाट कानूनी सहायता कोषका लागि आवस्यक पर्ने अनुमानित रकम विनियोजित गर्नु पर्नेछ ।

**६. कोषको उपयोग :**

(१) कानूनी सहयाता कोषमा जम्मा भएको रकम असहाय व्यक्तिको सहयोगार्थ देहाय बमोजिमको काममा खर्च गरिने छ ।

(क) निवेदन वा उजुरी वा लिखित जवाफ वा प्रतिउत्तर पत्र तयार गर्ने कानून व्यवसायी वा लेखापढी गर्ने व्यक्तिलाई प्रदान गरिने सेवाशुल्क,

(ख) कानून व्यवसायी वा लेखापढीको प्रमाणपत्र प्राप्त गरेका व्यक्तिहरूलाई बनेपा नगरपालिका न्यायिक समितिले सूचना प्रकाशित गरी न्युनतम शुल्क तोकी सो सो शुल्कमा नवढ्ने गरी

कानूनी सहायता समितिले वा यस कार्यविधि बमोजिम सहयोग प्राप्त गर्न योग्य असहाय व्यक्तिको निवेदन तयार गरे बापत सम्बन्धित लेखापढी गर्ने कानून व्यवसायी वा लेखापढीको प्रमाणपत्र प्राप्त व्यक्तिलाई उपलव्य गाराइने छ ।

(ग) कानून व्यवसायी वा लेखापढी गर्ने व्यक्ति छनौट गर्ने सम्बन्धमा न्यायिक समितिबाट सूचना प्रकाशित गरी प्राप्त निवेदन मध्ये सवैभन्दा कम रकममा निवेदन तयार गर्ने कानून व्यवसायी वा लेखापढी गर्ने प्रमाणपत्र प्राप्त व्यक्तिको सूची तयार गरी सूचीमा सूचीकृत व्यक्ति मध्ये निवेदक वा असहाय व्यक्तिले छानेको व्यक्तिबाट निवेदन वा लिखित जवाफ तयार गर्न लगाउन सक्नेछ ।

**७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम कार्यविधिको दफा ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि न्यायिक समितिको सचिवालय तथा बैठक संञ्चालन गर्न लाग्ने खर्चका लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**८. स्थानीय कानूनी सहायता तथा राहत समिति :**

(१) कानूनी सहायता कोष परिचालन प्रयोजनका लागि बनेपा नगरपालिकाको नगर प्रमुख सल्लाहकार रहेको देहाय बमोजिमको कानूनी सहायता तथा राहत समिति रहनेछ ।

(क) नगरपालिकाको उपप्रमुख - संयोजक

(ख) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) नगरपालिकाले समितिको सदस्यका लागि तोकेको एक जना महिला सहित दुई जना कार्यपालिका सदस्य - सदस्य

(घ) नगरपालिकाको कानून शाखा प्रमुख - सदस्य

(ङ) नगरपालिकाको उजुरी प्रशासक - सदस्य सचिव

(२) स्थानीय कानूनी सहायता समितिको सचिवालय बनेपा नगरपालिकाको कानून शाखामा हुनेछ ।

(३) स्थानीय कानूनी सहायता समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।



**९. स्थानीय कानूनी सहायता समितिको काम, कर्तव्य र अधिकार :**

स्थानीय कानूनी सहायता समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कानूनी सहायता सम्बन्धमा नेपाल सरकार, बागमती प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत नीति योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने ।

(ख) कोषको रकमबाट प्रदान गरिने सहयोग रकमको मापदण्ड स्वीकृत गर्ने ।

(ग) असहाय व्यक्तिलाई कानूनी सहयोग उपलब्ध गराउने ।

(ग) कानूनी सहायता कोषको वृद्धीका लागि उपयुक्त स्रोतहरूको खोजी गरी स्रोत जुटाउने ।

(घ) कानूनी सहयोगको सदुपयोग भए वा नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने ।

(ङ) यसै कार्यविधिको दफा ११ (२) बमोजिम सम्बन्धित वडाबाट प्राप्त सिफारिसको आधारमा निर्धारित मापदण्डको अधिनमा रही असहाय व्यक्तिको सहयोगार्थ प्रमूख प्रशासकीय अधिकृतबाट स्वीकृत गरी उपलब्ध गराएको सहयोग रकमको अनुमोदन गर्ने ।

(ज) कानूनी सहायता सम्बन्धी अन्य काम गर्ने गराउने ।

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

(१) यस कार्यविधि बमोजिम कानूनी सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराइनेछ :-

(क) असहाय व्यक्तिका लागि कानूनी सहयोग प्रदान गर्न व्यवस्था देहाय बमोजिम हुनेछः

१. नगरपालिका न्यायिक समितिले सूचना जारी गरी कानून व्यवसायी वा लेखापढी गर्ने प्रमाण पत्र पाएका व्यक्तिहरूबाट निवेदन प्राप्त गर्ने,

२. प्राप्त निवेदन छानविन गरी कानूनी सहायता प्रदान गर्ने कानून

व्यवसायी वा लेखापढी व्यवसायीको सूची स्वीकृत गरी प्रकाशित गर्ने,

३. असहाय व्यक्तिका लागि कानूनी सहयोग आवश्यक पर्दा सूचीकृत कानून व्यवसायी वा लेखापढी व्यवसायी मध्येबाट असहाय व्यक्तिले छनौट गरेका कानून व्यवसायी वा लेखापढी व्यवसायी मध्येबाट कानूनी सहायता प्रदान गर्ने,

४. कानून व्यवसायी वा लेखापढी व्यवसायीले निवेदन वा उजुरी वा जाहेरी वा प्रतिउत्तर पत्र वा लिखित जवाफ लागाएतका कागजात तयार गरे बापत स्वीकृत मापदण्डको अधिनमा रहने गरी कानून व्यवसाय शुल्क प्रदान गर्ने ।

(ख) लेखापढी गर्ने व्यक्ति छनौट हुन नसकेमा वा छनौट भएका व्यक्तिले लिखत तयार गर्न नसक्ने अवस्था सृजना भएमा सहयोग आवस्यक पर्ने व्यक्तिलाई नै कानून व्यवसायी छान्न लगाई निजलाई नै उपदफा (१) (क) को देहाय ४. मा उल्लेखित रकम भुक्तानी दिने व्यवस्था मिलाइने छ ।

(ग) यस कोषको रकम कानूनी सहायताका अलावा सहयोग समितिले तोके बमोजिम असहाय व्यक्तिको मनोवैज्ञानिक उपचार वा मनोविमर्शका साथै अन्य आवश्यक र उपयुक्त प्रयोजनका लागि पनि उपयुक्त मापदण्ड बनाई खर्च गर्न बाधा पर्नेछैन ।

**११. सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिसमा कानुन सहायता समितिमा अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनमा जाँचबुझ गर्दा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा बनेपा नगरपालिकाका प्रमूख प्रशासकीय अधिकृतको आदेश अनुसार सहयोग प्रदान गरिने छ । त्यसरी सहयोग गरिएको सहयोग रकम समितिबाट यसै कार्यविधिको दफा ९ (ख) बमोजिम अनुमोदन गराइने छ ।



**१२. छुट्टै खाता खोल्नुपर्ने :**

(१) नगरपालिकाले मान्यता प्राप्त बैंकमा छुट्टै खाताखोली कानूनी सहायता कोषमा जम्मा हुने रकम जम्मा गर्ने र खर्च गर्ने व्यवस्था मिलाउने छ ।

(२) उपदफा (१) बमोजिमको खाता बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

**१३. कोषको लेखा र लेखा परीक्षण :**

(१) कोषको आय ब्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१४. आवर्तित (रिभल्भिङ) कोष :**

यस कार्यविधि बमोजिम खोलिएको कोष आवर्तित (रिभल्भिङ) कोषको रूपमा रहनेछ ।

**१५. प्रतिवेदन पेश गर्ने :**

(१) स्थानीय कानूनी सहायता समितिबाट भए गरेका काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र नगर कार्यपालिकामा पेश गर्नुपर्ने छ । साथै कार्यपालिकाबाट स्वीकृत स्वीकृत प्रतिवेदन न्यायिक समितिको वार्षिक प्रतिवेदनमा समावेश गरी नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**१६. समितिको बैठक :**

समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्ने छ । समितिको बैठकमा भाग लिए बापत तोकिए बमोजिमको बैठक भत्ता उपलब्ध हुनेछ ।

**१७. निर्देशन दिन सक्ने :**

नगरपालिकाले समितिको काम कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१९. कार्यविधिमा संशोधन :**

नगरपालिकाले आश्यकता अनुसार स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी कार्यविधिमा संशोधन वा थपघट गर्न सक्नेछ ।

## अनुसूचि १
## (दफा ११को उपदफा (१) सँग सम्बन्धित )

श्री अध्यक्षज्यू,
स्थानीय कानूनी सहायता समिति
बनेपा नगरपालिका ।

**विषय : सहयोग उपलब्ध गराई पाउँ ।**

मेरो आर्थिक स्तर ज्यादै कमजोर रहेको छ । मलाई न्यायिक समितिमा निवेदन वा उजुरी वा जाहेरी वा प्रतिउत्तर पत्र वा लिखित जवाफ वा ...... सहित न्यायिक समितिबाट न्यायिक कारवाही अगाडी बढाउन पर्ने अवस्थाको सृजना भएको छ । मलाई कानूनी सहायता कोषको कार्यविधि बमोजिम निवेदन वा उजुरी वा जाहेरी वा प्रतिउत्तर पत्र वा लिखित जवाफ ..... तयार गर्न सहयोग उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु ।

**निवेदकको**
नाम थर ........................................
ठेगाना ..............................
सम्पर्क नं. ..............................
दस्तखत ...............
मिति ...............

सम्बन्धित वडाध्यक्षबाट भएको सिफारिस

निवेदकले दिएको.................... का लागि कानूनी सहायता कोषको रकमबाट सहयोग पाउँ भनि दिएको निवेदन उपर छानविन गर्दा ................ प्रकारको सहायता प्रदान गर्न आवश्यक देखिएकाले सहयोगका लागि सिफारिस सहित अनुरोध छ ।

वडाध्यक्षको दस्तखतः
वडाध्यक्षको नाम थरः
वडा कार्यालयको छापः
वडा नं. ...

**आज्ञाले,**
**शिव प्रसाद हुमेगाई**
**प्रमुख प्रशासकीय अधिकृत**